नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज ३० गते, २०७५ साल (संख्या ३५

भाग ५

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

सूचना

नेपाल सरकारले श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिस बमोजिम सबै सञ्चार प्रतिष्ठानहरुमा २०७५ कार्तिक ०१ गते देखि लागू हुने गरी सञ्चार प्रतिष्ठानहरुमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरुको न्यूनतम पारिश्रमिकमा २५ प्रतिशत वृद्धि गरी देहाय बमोजिम निर्धारण गरेकाले यो सूचना प्रकाशन गरिएको छः-

(क) श्रमजीवी पत्रकार, कामदार/कर्मचारी:

क्र.सं.	विवरण	न्यूनतम मासिक पारिश्रमिक
१.	ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी पत्रकार	२४,३७५।-
२.	ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी कामदार/कर्मचारी	१८,०००।-
३.	अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार	१७,६२५।-
४.	आम सञ्चार प्रतिष्ठानका श्रमजीवी कामदार/कर्मचारी	१५,६२५।-

(ख) श्रमजीवी पत्रकार (स्ट्रिङ्गर):

क्र. सं.	विवरण	रेडियो	पत्रपत्रिका	टेलिभिजन
१.	ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका स्ट्रिङ्गर (प्रति समाचार)	२५०।-	२८२।-	७५०।-
२.	अन्य सञ्चार प्रतिष्ठानका (प्रति समाचार)	१८८।-	१८८।-	७५०।-

(ग) अन्य व्यवस्था:

(१) आंशिक पत्रकारको हकमा निम्न सूत्रको प्रयोग गरी पारिश्रमिक निर्धारण गरी उपलब्ध गराउनु पर्ने:-

न्यूनतम पारिश्रमिकलाई १९२ ले भाग गरी १.५ ले गुणन गरी आंशिक पत्रकारले काम गरेको घण्टाले गुणन गर्ने अर्थात्,

$$\text{आंशिक पत्रकारको पारिश्रमिक} = \frac{\text{न्यूनतम पारिश्रमिक}}{१९२} \times १.५ \times \text{काम गरेको घण्टा}$$

(२) स्ट्रिङ्गर फोटो पत्रकारको हकमा छापामाध्यमको स्ट्रिङ्गर पत्रकारले पाउने सरह पारिश्रमिक उपलब्ध गराउनु पर्ने।

(३) अनलाइन समाचार पोर्टलहरूको हकमा समाचार मात्रै भए छापामाध्यमको स्ट्रिङ्गर सरह, अडियो सहित भए रेडियोको स्ट्रिङ्गर सरह र दृश्य समेत भए टेलिभिजनको स्ट्रिङ्गर सरहको पारिश्रमिक उपलब्ध गराउनु पर्ने ।

(४) टेलिभिजन स्ट्रिङ्गरले दृश्य रहित समाचार पठाएमा छापामाध्यमको स्ट्रिङ्गर सरह पाउने ।

(५) स्ट्रिङ्गरलाई कार्यस्थलबाहिर खटाइएको अवस्थामा सम्बन्धित संस्थाको नियम अनुसार यातायात तथा आवास खर्च दिनु पर्ने।

(६) सबै सञ्चार प्रतिष्ठानहरुले श्रमजीवी पत्रकार, कामदार/ कर्मचारीहरुलाई बैङ्किङ प्रणाली मार्फत पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाउने।

आज्ञाले,
रामचन्द्र ढकाल
नेपाल सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३